बराहपोखरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बाघखोरभन्ज्याङ्ग, खोटाङ्ग

प्रदेश नं. १, नेपाल

# उद्यम विकास सहजकर्ता सेवा करारमा लिने सम्बन्धि सूचना ।

**प्रथम पटक प्रकाशित मितिः २०७७/०८/१९**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय (औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा) को च.नं.१९८, मिति २०७७/०८/१२ को प्राप्त पत्र तथा मिति २०७७/०८/१८ को गाउँ कार्यपालिकाको निर्णयानुसार यस बराहपोखरी गाउँपालिकाको गरिबी निवारण कार्यक्रमको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम आ.व. २०७७/०७८ का लागि तपसिलमा उल्लेखित पदमा सेवा करामा लिनु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिएको छ । म्याद नाघी तथा रित नपुगी आएका दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| विज्ञापन नं. | पद | तह | माग पद संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| ०१।०७७।०७८ | उद्यम विकास सहजकर्ता | सहायक चौथो | २(दुई) | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तिर्ण गरेको, वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धि प्राविधिक प्रवेशिका परीक्षा (TSLC) उत्तिर्ण गरेको |

**शर्तहरुः**

१. लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सिप विकास वा आय आर्जन क्षेत्रमा कम्तिमा एक वर्ष काम गरेको हुनुपर्नेछ ।

२. **पेश गर्नुपर्ने कागजातहरुः** लोकसेवा आयोगको निर्धारण गरेको दरखास्त फाराम भरि सो सँगै नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी, चारित्रिक प्रमाण पत्रको प्रतिलिपी, कार्य अनुभव भए सो खुल्ने कागजात र उम्मेदवारको पासफोटो ३ वटा सहित पेश गर्नुपर्नेछ ।

३. **उमेरः** १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । महिला तथा अपाङ्गता भएको हकमा ४० वर्ष ननाघेको ।

४. **दरखास्त दिने अन्तिम मिति** : २०७७।०८।२५ गते कार्यालय समय भित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र बुझाउन सकिनेछ ।

५. **दरखास्त दस्तुर** : रु.५००।-(पाँचसय) मात्र (सनराइज बैंक लिमिटेड, बराहपोखरी शाखामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं.०९४०६२०७०६७०३००६ मा जम्मा गरी सो को भौचर पेश गर्नुपर्ने छ)

६. **प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन मितिः** दरखास्त बुझाउने अन्तिम मितिको भोलिपल्ट प्रकाशित गरिनेछ ।

७. **दरखास्त फाराम बुझाउने स्थानः** बराहपोखरी गाउँपालिकाको कार्यालय, बाघखोरभन्ज्याङ्ग, खोटाङ्ग ।

८. **परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रम र अन्तर्वार्ता ।

९. **अर्न्तवार्ता मितिः** प्रारम्भिक योग्ताक्रमको सूचि प्रकाशन भएपश्चात जानकारी गराइनेछ ।

१०. **प्रारम्भिक योग्यताक्रमका आधारहरुः** कार्यअनुभव, माथिल्लो प्राविधिक योग्यता, अन्य शैक्षिक योग्यता (एस.एल.सी.भन्दा माथिको), कम्प्यूटर सम्बन्धि ज्ञान भएको ।

११. **सेवा र सुविधाः** सेवा करार संझौतामा तोकिए बमोजिम हुनेछ ।

**मान ब. वन**
**प्रमुख प्रशासकीय अधिकृत**